Siddhartha Bank

HEIFER INTERNATIONAL NEPAL

# प्रेस विज्ञप्ती

चैत्र २२, २०७८

## सिद्धार्थ बैंक र हेफर इन्टरनेशनल नेपालबीच महिला उद्यमी तथा साना किसानहरूका लागि मुल्य श्रृंखलामा लगानी (Value Chain Financing) सम्बन्धी सम्झौता

२०७८ चैत्र २२ गते मंगलबार सिद्धार्थ बैंक र हेफर इन्टरनेशनल नेपालबीच महिला उद्यमी तथा साना किसानहरुलाई सुलभ वित्तिय कर्जा उपलब्ध गराउने विषयमा सम्झौता भएको छ । सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेल ज्यू र हेफर नेपालका तर्फबाट राष्ट्रिय निर्देशक डा. शुभ नारायण महतो ज्यूले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता अनुसार पशुपालन सम्बन्धी कृषि क्षेत्रहरु जस्तै बाखापालन, पशुपालन तथा तरकारी लगायतका मूल्य शृंखलाहरुमा संलग्न महिला उद्यमी तथा साना किसानहरुलाई सहज ढङ्गले अनुदानमा आधारित वित्तिय कर्जा उपलब्ध गराउन बैंक र हेफर इन्टरनेशनल नेपालबीच उक्त सम्झौता भएको छ । यस साझेदारीको मुख्य उद्देश्य, महिला उद्यमी तथा साना किसानहरूको व्यवसाय विस्तार गर्ने क्षमताको मूल्याङ्कन र विकाशमा केन्द्रित गर्ने रहेको छ ।

उक्त योजनामा हेफर नेपालका तर्फबाट सामाजिक उद्यमी महिला सहकारी ("Social Entrepreneur Womens Cooperative") र स्थानिय सरकार पनि आबद्ध रहेका छन् । महिला सहकारी वा स्थानिय सरकारले उद्यमीहरूको पहिचान र सिफारिसलाई बैंकसँग जोड्न सहज बनाउनेछन् । साथै, समाजमा उच्चस्तरिय बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई आफ्नो १९० शाखा कार्यालयहरु, ११४ शाखारहित बैंकिङ्ग सेवाबाट फराकिलो पहुँच रहेको सिद्धार्थ बैंकले उक्त सम्झौता अनुरुप उद्यमीहरूलाई कर्जा उपलब्ध गराउन सहजता प्रदान गर्ने विश्वास लिएको छ ।